# थाक्रे गाउँपालिकाका उपाध्यक्ष श्री यन्त्र बहादुर थापाज्यूबाट गाउँसभामा पेश गर्नु भएको

# आर्थिक वर्ष २०८१।०८२ को बजेट वक्तव्य

थाक्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महादेववेशी, धादिङ
बागमती प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८१।०८२ को बजेट वक्तव्य

**आदरणीय गाँउ सभाका सभाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**

थाक्रे गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित १५ औं गाँउ सभा समक्ष आगामी आर्थिक वर्ष २०८१|०८२ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु। यस ऐतिहासिक अवसरमा नेपालको राजनौतिक परिवर्तन, सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, लैंगिक समानता, लोकतन्त्र, गणतन्त्र, संविधान, समाबेशिता, संघीयता पहिचान र वर्ग संघर्षको पक्षमा र शासकीय स्वरुप परिवर्तन गर्न २००७ सालको परिवर्तन,२०४६ सालको जनआन्दोलन, २०५२ साल देखि सुरु भएको १० वर्षे महान जनयुद्ध, २०६२।६३ को जनआन्दोलन लगायतका सम्पूर्ण लोकतान्त्रिक आन्दोलनका लागी आफ्नो अमुल्य ज्यान आहुति दिने ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते तथा अपाङ्ग भई कष्टकर जीवन बिताइरहनु हुने सम्पूर्ण परिवर्तनकर्मि योद्धाहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। दिर्घकालीन योजना, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने दस्ताबेजको रुपमा रहेको बजेट प्रस्तुत गरिरहदा अत्यन्तै गौरवान्वित महसुस गर्दै आजको यस गरिमामय सभामा उपस्थित सबैलाई हार्दिक अभिवादन सहित स्वागत गर्दछु ।

नेपाली जनताको वास्तबिक सार्वभौमसत्ता सम्पन्न संविधान सभाबाट पारित भइ लागु गरिएको नेपालको जनमुखी संविधानले परिकल्पना गरेको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न तीनै तहको निर्वाचन समपन्न भइ संघ, प्रदेश र स्थानीय सरकारहरु संविधानले तय गरेको राष्ट्रिय उद्देश्य प्राप्त गर्न तल्लिन छन् ।

स्वशासन र सहशासनको मान्यतामा आधारित हाम्रो संघियताले सरकारका एकाइहरुको बीचमा सहकार्यता, समन्वय, सहअस्तित्वको आधारमा शासकीय गतिबिधि सञ्चालन गर्नुपर्ने संवैधानिक मान्यता स्थापित गरिदिएको छ। यसैको जगमा संघीय सरकारले पनि **"समृद्ध नेपाल सुखी नेपाली"** को राष्ट्रिय आकांक्षा सहितको दिर्घकालिन योजना लागु गरेको सन्दर्भमा सो लक्ष्य पुरा गर्न लागिपर्नु हामी सबैको साझा दायित्व हो। यही राष्ट्रिय लक्ष्य र सुशासन, सामाजिक न्याय र समृद्धिको सोच सहितको सोह्रौं योजनालाई आत्मसाथ गर्दै हामीले पनि **"समृद्ध थाक्रे सुखी थाक्रेवासी"** बनाउने लक्ष्य लिएका छौं। दिगो विकास, वातावरण संरक्षण, जनताको हक अधिकारको रक्षा गर्दै जनमुखी र जनपक्षीय कामलाई निरन्तरता दिने प्रतिबद्धताका साथ थाक्रे गाउँपालिकाको विकास, समृद्धि, रोजगारी र सुशासनको सुनिश्चितता भन्ने थाक्रेको लक्ष्यलाई निरन्तर दिईदै थाक्रेबासिको जीवनमा अनुभूतयोग्य परिवर्तन हासिल गर्ने उद्देश्य पूरा गर्न सघाउ पुग्ने गरी बजेट तर्जुमा गरेको छु ।

नेपालको संविधानको धारा २३० बमोजिम बजेट तर्जुमा गर्दा नेपालको संविधान, राज्यको निर्देशक सिद्धान्त, सोह्रौं योजना, नेपाल सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति, दिगो विकासका लक्ष्य तथा गाउँपालिकाको आवधिक योजना, गाउँपालिका वासीहरूको आवश्यकता, विषयगत क्षेत्रका विज्ञ तथा सरोकारवाला संस्थाहरुको सुझाव, वर्तमान परिस्थितिको मुल्याङ्कन र उपलब्ध सिमित श्रोत साधनको व्यवस्थासँगै नागरिकको अवस्था बदल्ने सोचलाई ध्यान दिएको छु।

जनचाहनालाई सम्बोधन गर्ने क्रममा सिमित बजेटबाट असिमित मागहरु सम्बोधन गर्न अवश्य पनि सहज र जनअपेक्षा अनुरुप माग पुरा गर्न सहज छैन, तथापी गाँउपालिकाको वर्तमान आवश्यकता र दिर्घकालिन विकास लक्ष्य पुरा गर्न दिगो विकासमा टेवा पुग्ने र पालिकाबासीको जीवन स्तरमा प्रत्यक्ष सरोकार राख्ने प्रकृतिका योजनाहरु एवं रोजगारी सृजना गर्न सक्ने योजनाहरूलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु ।

**आदरणीय गाँउ सभाका सभाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा निम्न दस्तावेजहरुलाई आधार मानेर बजेट विनियोजन गरेको छु;

नेपालको संविधान, सोह्रौ योजना, दिगो विकासका लक्ष्य, स्थानिय सरकार संचालन ऐन, गाउँपालिकाको प्रथम आवधिक योजना, टोल, बस्ती, वडा कार्यालय तथा विषयगत समितिहरुबाट प्राथमिकता निर्धारण भई आएका योजना तथा कार्यक्रम, संघ र प्रदेश सरकारले अवलम्बन गरेका नीति, विभिन्न साझेदार संस्थाहरुसँग भएका सहकार्यको प्रतिबद्धता, संघीय तथा प्रदेश सरकारबाट प्राप्त वित्तीय हस्तान्तरण सम्बन्धी मार्गदर्शनहरूलाई आधार बनाएको छु ।

बजेट तर्जुमाका लागि राजश्व परामर्श समिति, श्रोत अनुमान समिति, विभिन्न विषयगत समिति, गाउँपालिकामा कार्यरत विभिन्न संघ संस्था, राजनितिक दल, नागरिक समाज, शिक्षक एवं विद्वान वर्ग लगायत सबै वर्गबाट प्राप्त सुझावलाई समेत ध्यान दिएको छु।

**आदरणीय गाँउ सभाका सभाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**

अब म आगामी आर्थिक वर्ष २०८१|०८२ को बजेटको उद्देश्य प्राथमिकता तथा आय व्ययको विवरण प्रस्तुत गर्न चाहान्छु ।

**उद्देश्यहरुः**

१. कृषि तथा पशुपालन क्षेत्रको विकास मार्फत जीवनस्तर वृद्धि गर्ने।

२. सामाजिक सेवाका क्षेत्र र सामाजिक कल्याणमा गाँउपालिकाको प्रभावकारी भूमिका प्रवर्द्धन गर्ने।

३. भौतिक पूर्वाधारको विकास गर्ने (एकीकृत गाँउपालिका विकास योजना बमोजिम)

४. सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने।

५. स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी गाँस, वास, कपास तथा आधारभुत स्वास्थ्य सेवाको सुनिश्चितता सहित आर्थिक असमानता र गरिबी न्यूनीकरण गर्नु।

६. रोजगारी सिर्जना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

७. दिगो विकासका लक्ष्यहरु पूरा गर्ने।

**प्राथमिकताका विषयहरुः**

१. कृषिको आधुनिकीकरण, व्वसायिकरण र बजारीकरण गरी कृषि उत्पादन एवं उत्पादकत्व अभिवृद्धि मार्फत खाध सुरक्षाको प्रत्याभुति ।

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने

३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने

४. गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार ।

५. जीवनउपयोगी, सिपयुक्त एवं गुणस्तरिय शिक्षामा लगानी ।

६. स्थानिय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने

७. स्थानिय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने

८. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने

९. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने

१०. दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्द्धन गर्न सघाउ पुर्याउने

११. भष्ट्रचार नियन्त्रण, सुशासन र सेवा प्रवाहमा सुधार

१२. स्थानिय वडाभेला तथा कार्यपालिकाले निर्धारण गरेका अन्य विषयहरु

**आदरणीय गाँउ सभाका सभाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**

अब म चालु आ. व. को हाल सम्मको प्रगति विवरण पेश गर्दछु । चालु आ. व. को मिति २०८१/०३/०९ गते सम्मको आम्दानी तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छः

**आम्दानी/खर्च विवरणः**

चालु आर्थिक बर्षमा आर्थिक विकास क्षेत्र तर्फ विनियोजित रकम ८ करोड ४८ लाख २४ हजार ४ सय पैतालिस रुपैयाँ विनियोजन गरिएकोमा २ करोड ७७ लाख ९८ हजार १ सय ७९ रुपैयाँ मात्र खर्च भएको छ । यो विनियोजित रकमको ३२.७७ प्रतिशत हुन आँउछ। सामाजिक विकास तर्फ ३८ करोड ३३ लाख ८४ हजार ५ सय २८ रुपैयाँ विनियोजन गरिएकोमा २६ करोड ७८ लाख ४ हजार ५ सय ५१ रुपैयाँ ३५ पैसा मात्र खर्च भएको छ। यो विनियोजित रकमको ६२.०३ प्रतिशत हुन आउँछ। पूर्वाधार विकास तर्फ ३२ करोड ६८ लाख २६ हजार रुपैयाँ विनियोजन गरिएकोमा ११ करोड ४५ लाख २४ हजार ५ सय १४ रुपैयाँ मात्र खर्च भएको छ । यो विनियोजित रकमको ३५.०४ प्रतिशत हुन आँउछ। सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ २५ लाख विनियोजन गरिएकोमा ७ लाख ४२ हजार ३ सय ५० रुपैयाँ मात्र खर्च भएको छ। यो विनियोजित रकमको २९.६९ प्रतिशत हुन आँउछ ।

कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १९ करोड १२ लाख ३ हजार २ सय २५ रुपैया मात्र बिनियोजन गरीएकोमा १४ करोड ३२ लाख ३४ हजार ६ सय ३५ रुपैया १८ पैसा मात्र खर्च भएको छ। यो बिनियोजित रकमको ७४.९१ प्रतिशत हुन आउँछ। समग्रमा आम्दानी र खर्च शीर्षकमा विनियोजन भएको कुल रकमको खर्च हालसम्म ५३ प्रतिशत रहेको छ ।

## आ. व. २०८१।०८२ को अनुमानित आय देहाय बमोजिम प्रस्तुत गर्दछुः

संघिय सरकार, बागमती प्रदेश सरकार र आन्तरिक आय समेत गरि आगामी आ. व. २०८१।२०८२ का लागी जम्मा रु. ९९ करोड ३८ लाख ७६ हजारको अनुमानित आय प्रस्ताव गरेको छु। जसमध्ये

**क)** संघिय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रकम रु. १५ करोड ४१ लाख, संघिय राजस्व बाडफाडबाट रु. १० करोड १९ लाख, संघिय बिशेष अनुदानबाट रु. २० लाख र सशर्त अनुदान रु २२ करोड ८८ लाख गरि जम्मा रु ४८ करोड ६८ लाख प्राप्त भएको छ ।

**ख)** बागमती प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रकम रु १ करोड ६६ लाख ३ हजार , प्रदेश राजस्व बाडफाडबाट रु २ करोड ३६ लाख १४ हजार ३ सय, प्रदेश बिशेष अनुदानबाट रु. ७० लाख ,प्रदेश समपुरक अनुदानबाट रु २ करोड र प्रदेश सशर्त अनुदान रु २ करोड ७ लाख ८९ हजार गरि जम्मा रु ७ करोड ३० लाख ६६ हजार ३ सय मात्र प्राप्त भएको छ ।

ग) आन्तरिक आय तर्फ अघिल्लो आ वको अल्या,स्थानिय राजस्व बाडफाड, बेरुजु असुली, अन्य सेवा शुल्क तथा बिक्री र अन्य क्षेत्रको आय लगायतबाट प्राप्त हुने रु ४३ करोड ४० लाख ९ हजार ७ सय अनुमान गरेको छु । ।

अब म यस गाउँपालिकाको आगामी आ. व. २०८१/०८२ को विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित व्यय विवरण यस सम्मानित सभामा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

संघीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान र समपूरक अनुदानको रकम सम्बन्धित शीर्षकमा खर्च हुने व्यवस्था मिलाएको छु । गाउँपालिकाको प्रशासनिक खर्च राजश्व बाँडफाँड र आन्तरिक श्रोतबाट हुने गरि

व्यवस्था मिलाएको छु। प्रशासनिक खर्चलाई न्यूनीकरण गर्दै पूँजीगत खर्च तर्फ वजेट बृद्धि गर्ने प्रयत्न गरेको छु ।

जम्मा बजेट ९९ करोड ३८ लाख ७६ हजार मध्ये चालु खर्च तर्फ कुल बजेटको ४७ प्रतिशतले हुन आउने रकम रु ४६ करोड ७१ लाख २१ हजार ७ सय बीस  र पुजीगत तर्फ कुल बजेटको ५३ प्रतिशतले हुन आउने रकम रु ५२ करोड ६७ लाख ५४ हजार २ सय ८० विनियोजन गरेको छु । जस मध्ये आर्थिक विकासतर्फ रु १२ करोड ६० लाख ६७ हजार, सामाजिक विकासतर्फ रु ३२ करोड ६३ लाख ५२ हजार, पूर्वाधार विकास तर्फ रु २७ करोड ७६ लाख ९ हजार, कार्यालय तथा प्रशासनिक तर्फ रु २२ करोड ६९ लाख ९१ हजार र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ रु ३ करोड ६८ लाख ५७ हजार विनियोजन गरेको छु ।

**आदरणीय सभाध्यक्ष ज्यू,**

आगामी आर्थिक वर्ष २०८१/०८२ को लागि विनियोजन गरिएको कुल बजेट रकम रु ९९ करोड ३८ लाख ७६ हजार रुपैयाँ को क्षेत्रगत विवरण पेश गर्दछु ।

| **क्र.सं.** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| **१** | **आर्थिक विकास** | **१२ करोड ६० लाख ६७ हजार** |
| १.१ | कृषि | ४ करोड ७० लाख १६ हजार |
| १.२ | उद्योग | ३८ लाख |
| १.३ | पर्यटन | १ करोड २७ लाख |
| १.४ | सिंचाइ | ३ करोड ९० लाख २१ हजार |
| १.५ | पशुपन्छि बिकास | २ करोड ३५ लाख ३० हजार |
| **२** | **सामाजिक विकास** | **३२ करोड ७५ लाख ८९ हजार** |
| २.१ | शिक्षा | १८ करोड ४९ लाख ७९ हजार |
| २.२ | स्वास्थ्य | ५ करोड २५ लाख ४९ हजार |
| २.३ | खानेपानी तथा सरसफाई | ३ करोड ४२ लाख १२ हजार |
| २.४ | लैगिंक समानता तथा सामाजिक समावेशीकरण | ३ करोड १० लाख ६ हजार |
| २.५ | सामाजिक सुरक्षा तथा संरक्षण | १ करोड १ लाख २१ हजार |

| | | |
|---|---|---|
| **३** | **पूर्वाधार विकास** | **२७ करोड ७६ लाख ९ हजार** |
| ३.१ | यातायात पूर्वाधार | २० करोड ९७ लाख १३ हजार |
| ३.२ | भवन आवास तथा सहरी विकास | ६ करोड १० लाख ४६ हजार |
| ३.३ | उर्जा | २२ लाख ५० हजार |
| ३.४ | संचार तथा सुचना प्रविधि | ४६ लाख |
| **४** | **सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र** | **३ करोड ६८ लाख ५७ हजार** |
| ४.१ | विपद व्यवस्थापन | १ करोड ६२ लाख |
| ४.२ | श्रम तथा रोजगारी | ९४ लाख ५२ हजार |
| ४.३ | कानुन तथा न्याय | ५९ लाख ८८ हजार |
| ४.४ | तथ्याङ्क प्रणाली | १९ लाख १७ हजार |
| ४.५ | गरीबि निवारण | ३३ लाख |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **२२ करोड  ६९ लाख ९१ हजार** |
| | **जम्मा** | **९९ करोड ३८ लाख ७६ हजार रुपैयाँ** |

**आदरणीय गाँउ सभाका सभाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्य ज्यूहरु,**

अन्त्यमा, आ.व. २०८१।२०८२ मा थाक्रे गाउँपालिकाको वार्षिक बजेट तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुर्याउनु हुने गाउँपालिकाका अध्यक्ष ज्यू, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु लगायत योजना तथा बजेट तर्जुमा कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा खट्नु भएका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति आभार ब्यक्त गर्दछु। बजेट निर्माणमा परोक्ष सहयोग पुर्याउनु हुने राजनैतिक दल, समाजसेवी, बद्धिजिवी, संचारकर्मी, विभिन्न गैर सरकारी संस्था, सुरक्षा निकाय एंव आम थाक्रे वासी लगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै बजेटको सफल कार्यान्वयन सबैको साथ र सहयोगको अपेक्षा गरेको छु

**धन्यवाद ।**

**यन्त्र बहादुर थापा**
**उपाध्यक्ष**
**मिति २०८१ आषाढ ०९ गते, आइतबार ।**